निर्वाचन आयोग

# प्रदेश निर्वाचन कार्यालय

## कोशी प्रदेश, विराटनगर

Email Address :
deo.morang@election.gov.np
फोन / फ्याक्स: 021-474990

प.सं. ०८०/८१
च.नं. : १९२

विराटनगर- १०, तिनटोलिया सोमबारे हाट
मिति: २०८०/११/२७

विषयः मतदाता नामावली अद्यावधिक तथा अन्तिम मतदाता नामावली प्रकाशन कार्यक्रम २०८० सम्बन्धमा ।

श्री सबै स्थानीय तहहरु,
मोरङ जिल्ला।

**अत्यन्त जरुरी**

प्रस्तुत विषयमा अन्तिम मतदाता नामावली तयार गर्नका लागि यस जिल्लामा मिति २०८०/११/२८ देखि २०८०/१२/२२ गतेसम्म विभिन्न क्रियाकलापहरु सहित सञ्चालन हुने **मतदाता नामावली अद्यावधिक तथा अन्तिम मतदाता नामावली प्रकाशन कार्यक्रम २०८०** सम्बन्धी सूचना यस अघि पनि पठाइएको छ । संलग्न सूचना सम्बन्धित स्थानीय तहको कार्यपालिकाको कार्यालयमा टाँस गरिदिने व्यवस्थाका लागि साथै कार्यक्रम सञ्चालनका लागि तपसिल बमोजिमको आवश्यक सहयोग र समन्वयका लागि अनुरोध छ ।

तपसिल

१. कार्यक्रमको सूचना (अनुसूची-१) सम्बन्धित स्थानीय तहका सबै वडा कार्यालयहरुमा मिति २०८०/११/२८ गते प्रकाशन गर्ने व्यवस्था मिलाउनु हुन ।

२. यस कार्यक्रमको लागि मतदाता नामावली मिति २०८०/११/२८ गते निर्वाचन आयोगको वेवसाइट https://election.gov.np मा प्रकाशन हुनेछ ।

३. प्रकाशित मतदाता नामावलीमा नाम भएका व्यक्तिहरु मध्ये बसाई सरी अन्यत्र गएका, मृत्यु भएका व्यक्तिहरुको विवरण (मतदाता नम्बर समेत अनिवार्य उल्लेख गरी) मिति २०८०/१२/०५ गते भित्र यस कार्यालयको ईमेल ठेगाना deo.morang@election.gov.np मा उपलब्ध गराउने व्यवस्थाका लागि सम्बन्धित स्थानीय तहहरुले मातहतका सबै वडाका स्थानीय पञ्जिकाधिकारीहरुलाई आवश्यक निर्देशन एवं समन्वयको अनिवार्य व्यवस्था मिलाउनु हुन ।

४. यसैसाथ संलग्न कार्यक्रम सम्बन्धी सूचनाको क्र.सं. २, ३, ४ र ५ मा उल्लेखित क्रियाकलापहरु सम्बन्धी निवेदन/सूचना/उजुरी सम्बन्धित व्यक्तिलाई अनुसूची भराई सम्बन्धित स्थानीय तह/वडा कार्यालयहरुले दर्ता गरी यस कार्यालयको ईमेल deo.morang@election.gov.np मा पठाइदिनु हुन ।अनुसूचीहरु यसैसाथ संलग्न राखी पठाइएको छ ।

५. त्रुटि सच्याउन र दोहोरो नामावली हटाउनका लागि निर्वाचन आयोगको वेवसाइट **elelction.gov.np** भित्र रहेको **मतदाता नामावली प्रि-रजिष्ट्रेशन र अध्यावधिकमा गई वा https://applyvr.election.gov.np मा Online** माध्ययम बाट पनि अद्यावधिक गर्ने सकिनेछ र यसरी गर्दा सोझै निर्वाचन कार्यालयमा निवेदन पेश हुने भएकोले **Online** बाट अद्यावधिक गरेकोले ईमेलबाट पठाइराख्नु पर्ने छैन ।

६. अन्य थप जानकारीका लागि ९८५६०६५३३३, ९८४२०८४९००, ९८५२०८१०२५ र ९८४२५३०६०० ।

यामप्रसाद सुवेदी
प्रदेश निर्वाचन अधिकारी

बोधार्थ

श्री जिल्ला प्रशासन कार्यालय,
मोरङ :- आवश्यक सहयोग र समन्वयका लागि अनुरोध छ ।

श्री सबै स्थानीय तहहरुका सबै वडा कार्यालयहरु, मोरङ :- जानकारीको लागि अनुरोध छ ।